दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोनः- ०७१५४२५७१



वर्ष ३६ | अंक २७४ | बुटवल | २०८१ असोज १४, गते सोमबार | नेपाल संवत ११४४ | Monday Sept.30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## दूध बोक्ने जीप फेला, दुईजना बेपत्ता

भैरहवा । रुपन्देहीको घाघरा खोलामा शनिबारदेखि बेपत्ता भएको दूध बोक्ने जीप खोलामा भेट्टिएको छ ।

तर जीपका चालक प्रकाश तमाङ्ग र सह-चालक उमेश लोध भने अझैं बेपत्ता छन् ।

मर्चवारको सम्मरीमाई गाउँपालिका-५ स्थित रोइनिहवाबाट तिवारी दूध संकलन केन्द्रबाट भे १ च २६७६ नम्बरको जीप शनिबार बिहानदेखि हराएको खबर सुरक्षा निकायमा पुगेपछि खोजी कार्य जारी थियो ।

सो गाडी संकलन केन्द्रबाट दूध लिएर शनिबार बिहान ५ बजे भैरहवा आउँदै थियो ।

आइतबार दिउँसो गौतमबुद्ध विमानस्थल पछाडि घाघरा खोला क्षेत्रमा गाडी फेला परेको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरिक्षक रञ्जित सिंह राठौरले बताए ।

'शनिबारबाट नै सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना र स्थानीयले खोजी कार्य गरिरहेका थियौं, आइतबार दिउँसो दूधसहितको क्यान फेला परेपछि उद्धार टोलीले गाडीको पहिचान गरी क्रेनको सहायताले बाहिर निकालेको छ, तर हराइरहेका चालक र सह-चालक फेला नपरेकोले उनीहरुको खोजी कार्य जारी छ ।'-एसपी राठौरले भने ।

## बाढी पहिरोमा परेर डेढसय जनाको मृत्यु

काठमाडौं । अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी पहिरोलगायतका विपद्मा परेर असोज ११ यता १५१ जनाको मृत्यु भएको छ । विपद्मा परेर आइतबार साँझ यो समाचार तयार गर्दासम्म बागमती प्रदेशमा ८६, काठमाडौं उपत्यकामा मात्रै ४३, कोशी प्रदेशमा १६ र मधेश प्रदेशमा ३ गरेर १४८ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको हो ।

प्रहरीका अनुसार विपद्मा परेर बागमती प्रदेशमा ६८, काठमाडौं उपत्यकामा १८, मधेश प्रदेशमा ९, कोशीमा ६ गरेर १०१ जना घाइते भएका छन् ।

काठमाडौं उपत्यकामा २ हजार १५५, गण्डकी प्रदेशमा ९९७, बागमतीमा ३८४, कोशीमा ९० र मधेशमा ३५ गरेर ३ हजार ६६१ जनाको उद्धार गरिएको छ। बाढीपहिरोमा परी ५५ जना बेपत्ता रहेको र बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डीआइजी) दानबहादुर कार्कीले जानकारी दिए।

उनका अनुसार बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय, स्थानीयवासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य भइरहेको छ।

**प्राकृतिक विपत्तिको कहर :**

# देशले गुमायो जुम्ल्याहा मेधावी विद्यार्थी

**टिआर शर्मा**
*बुटवल*

बुटवलका १५ वर्षीय जुम्ल्याहा दीपेश भट्टराई र दीपिका भट्टराई बंगलादेशमा हुन लागेको अन्तरिक्ष र खगोल विज्ञानसम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड्मा भाग लिन दुई महिनाअघि छनोट भएका थिए ।

बुटवलको कालिका मानवज्ञान माविमा कक्षा १० मा अध्ययनरत उनीहरु आफैंले अनलाइन फर्म भरेर जिल्ला, प्रदेश र राष्ट्रियस्तरको प्रतिस्पर्धामा अब्बल हुँदै दीपेश पहिलो र दीपिका पाँचौ स्थानमा छनोट हुन सफल भएका थिए ।

प्रयोगिताामा नेपालबाट देशभरका विद्यालयबाट १९ जना छनोट भएका थिए ।

बंगलादेश जानुपूर्व उक्त कार्यक्रमको तयारीका लागि तालिम लिन दीपेश-दिपिका आमा सीता भट्टराईसँगै शुक्रबार बिहान बुटवलबाट विङ्गर भ्यानमा काठमाडौं हिंडेका थिए । उक्त कार्यक्रममा ३२ राष्ट्रका विद्यार्थीहरू सहभागी हुँदै थिए ।

नेपाल एस्ट्रोनोमिकल सोसाइटीको आयोजनामा काठमाडौंमा नेसनल एस्ट्रोनोमी ओलम्पियाड् २०२४ को पहिलो सेसन सकिएर दोस्रो चरणमा बंगलादेश जाने तयारीका लागि उनीहरू काठमाडौं जाँदै थिए ।

भारी वर्षाका बिच धादिङको झ्याप्लेमा पुग्दा विङ्गर पहिरोमा परेपछि उनीहरुको अन्तर्राष्ट्रिय कार्यक्रममा भाग लिने मात्र होइन जीवनका सबै सपना चुंडिए ।

दीपेश र दीपिका ८ हजार विद्यार्थी अध्ययन गर्ने देशकै सर्वोत्कृष्ट विद्यालयका प्रतिभाशाली र मेधावी विद्यार्थी थिए । कक्षा १० का ६२१ जनामध्ये दीपेश र दीपिका टप फाइभभित्र पर्थे ।

स्याङ्जाको गल्याङ घर भई बुटवलको शान्तिचोकमा आमा सीता भट्टराईसँग बस्दै आएका दीपेश र दीपिका कक्षा ४ देखि कालिका मानवज्ञान माविमा पढ्न थालेका थिए । उनीहरुले ऐच्छिक विषय विज्ञान र गणित रोजेका थिए । पढाइमा तीक्ष्ण दुवै विद्यालयसहित बाहिर हुने विभिन्न प्रतियोगितामा पनि भाग लिन्थे र उपाधि जित्थे । उनीहरुका बुबा होमनाथ भट्टराई रोजगारीका लागि कोरियामा छन् । एक दिदी र दाइ पढाइका लागि काठमाडौं छन् । हजुरबुबा गल्याङमा छन् ।

बंगलादेश जान छनोट भएपछि आमा सीता भट्टराई विद्यालय पुगेर आर्थिक सहयोगको अपेक्षा गरेकी थिइन् । 'अन्तर्राष्ट्रियस्तरको कार्यक्रममा भाग लिन छनोट भएको थाहा पाएका थियौं, त्यहाँ भाग लिन उनीहरु आफैंले फर्म भरेर छनोट भएका हुन्,'-विद्यालयका प्राचार्य दिनेश थापाले भने-'मेधावी विद्यार्थीलाई सक्दो सहयोग गर्नुपर्छ भनेर ७५ हजार रुपैयाँ दिएका थियौं, उनीहरुले कुनै न कुनै उपाधि जितेर आउँछन् भन्ने थियो, तर नसोचेको घटना भयो ।'

उनीहरुको निधनपछि सिंगो विद्यालय परिवार शोकमा डुबेको छ । 'दीपेश र दीपिका विशिष्ट क्षमताका विद्यार्थी थिए, पढाइ, अनुशासन र अतिरिक्त क्रियाकलाप सबैमा उनीहरु अब्बल थिए, अबको एसईईमा जीपीए फोर ल्याउँछन् भन्ने विश्वास थियो,' कालिका मानवज्ञान माविका कक्षा १० का इञ्चार्ज दीपक बञ्जाडेले भने-'दीपेशले अन्तर्राष्ट्रिय प्रतियोगिता जित्न सक्ने हाम्रो अनुमान थियो, दीपिकाले पनि कुनै न कुनै उपाधि ल्याउन सक्थिन् ।'

कक्षा शिक्षक ज्ञानेश्वर आचार्यका अनुसार दीपिकाभन्दा दीपेश तीक्ष्ण बुद्धिका थिए । उनी गुरुहरुले पढाएको कुरा तत्कालै सजिलै बुझ्न सक्ने र साथीहरुलाई सिकाउन सक्थे । हाजिरीजवाफ, कविता सबैमा अब्बल थिए । 'दीपेश आँ गर्दा अलंकार बुझ्ने जस्तै असाध्यै तीक्ष्ण बुद्धिका प्रतिभाशाली विद्यार्थी थिए, उनलाई




अगाडि सारेर अरु विद्यार्थीलाई सिकाउन सजिलो हुन्थ्यो,' आचार्य भन्छन्-'पाठ्यक्रम बाहेकका बाहिरी ज्ञानमा पनि उत्तिकै अब्बल थिए, क्वीजलगायत अन्य बौद्धिक क्षमताका प्रतियोगितामा सधैं कहिले प्रथम त कहिले कुनै न कुनै उपाधि जितेर आउँथे, दीपिकाले पनि दीपेशलाई पच्छाउँथिन् ।'

दीपेश कालिका बाल क्लबका सल्लाहकार र निवर्तमान सह-सचिव थिए भने दीपिका सल्लाहकार र निवर्तमान कोषाध्यक्ष थिइन् ।

दीपेश र दीपकाको प्रशंसा उनको विद्यालय मात्र होइन उनीहरुलाई चिन्ने अन्य विद्यालयका शिक्षकले समेत उत्तिकै गर्छन् । अन्तर्राष्ट्रिय एस्ट्रोनोमी ओलम्पियाड्मा नेपालबाट छनोट हुने थोरै प्रतिभाशाली विद्यार्थीहरुमध्ये टप वान र टप फाइभ ऱ्याङ्कमा पर्नु चानचुने कुरो नभएको क्वीज विज्ञ न्यू होराइजन माविका शिक्षक पशुपति अर्यालले टिप्पणी गरे । 'दिपेश र दीपिका अध्ययनमा विशेष रुचि राख्ने, मेहनत र निरन्तरतामा नै जीवनको सार्थकता भेटिन्छ भन्ने मान्यता राख्ने होनहार विद्यार्थी थिए, उनीहरु देशकै असल र उत्कृष्ट छात्र छात्राहरू थिए, बुटवलले मात्र हैन, देशले नै असाधारण प्रतिभाहरु गुमाएको छ ।'-अर्यालले भने ।

उनीहरु शुक्रबार बिहान बुटवलबाट लु १ ज ४५७८ नम्बरको विङ्गर भ्यानमा काठमाडौं जान हिंडेका थिए । झ्याप्लेमा गाडी पुरिँदा जुम्ल्याहा दाजु-बहिनी दीपेश-दीपिका, आमा सीता भट्टराईसँगै पहिरोमा पुरिए । उनीहरूलगायत गाडी चालकसहित १४ जनाले सोही पहिरोमा परी ज्यान गुमाए । पहिरोमा पुरिएकामध्ये दीपेश र सीताको पहिचान भइसकेको छ । दीपिकाको अवस्था पहिचान भइसकेको छैन ।

सीताका मामा ससुरा नगेन्द्रराज पाण्डेयले ठूलो सपना लिएर हिँडेका दीपेश-दीपिकासँगै सीताको निधनले परिवारमा बज्रपात परेको बताए । 'दीपेश-दीपिका आफ्नो क्षमताले केही वर्षमै सिंगो देशले नै चिन्ने मान्छे बन्ने हाम्रो विश्वास थियो, तर, विपत्तिले सबै सपना चुंडायो,' पाण्डेयले भने-'उनीहरुको निधनको खबरले स्याङ्जा, रुपन्देही, काठमाडौंदेखि कोरियासम्म शोक छाएको छ ।'

**झ्याप्ले खोलामा पुरिएका ३५ जनाको शव फेला**

पृथ्वी राजमार्गको झ्याप्ले खोलामा पहिरोले पुरिएका मध्ये यो समाचार तयार पार्दासम्म ३५ जनाको शव निकालिएको छ ।

प्रहरीका अनुसार शनिबार १४ जनाको शव निकालिएकोमा आइतबार २१ जनाको शव निकालिएको हो ।

झ्याप्ले खोलामा गएको पहिरोमा अहिलेसम्म बुटवलबाट गएको विंगर, गोरखाबाट आएको बस र चितवनबाट गएको माइक्रो बस परेको पुष्टि भएको छ ।

» *बाँकी ३ पेजमा*

# लुम्बिनी विकास कोषले निर्माण व्यवसायीलाई भुक्तानी दिने सहमति




**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी विकास कोषका पदाधिकारीहरुमाथि भएको हातपात र दुर्व्यवहारका सम्बन्धमा निर्माण व्यवसायीहरुले सार्वजनिक रुपमा लिखित क्षमायाचना गर्ने सहमतिपछि दुई पक्षबिच जारी विवाद समाधान भएको छ ।

जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा आइतबार बसेको बैठकमा कोषका पदाधिकारी, पूर्व मन्त्री, संघीय सासद र सरोकारवालाहरूको बैठकमा चार बुँदे सहमती भएको हो ।

सहमतिअनुसार कोषमा आगामी दिनमा यस्ता कृयाकलापहरु नगर्ने/नगराउने प्रतिबद्धता व्यक्त गरिएको छ । यस्तै असोज ८ गते भएको घटनामा संलग्न दोषीहरुमाथि निष्पक्ष छानबिन गरी कारबाहीको प्रकृया अगाडि बढाउने बैठकले निर्णय गरेको छ ।

यस्तै निर्माण व्यवसायीहरुको तर्फबाट परिचालन हुने सव कन्ट्र्याक्टरलगायतका अन्य व्यक्तिहरुको जिम्मेवारी/जवाफदेहिता स्वयं निर्माण व्यवायीहरुले लिने, निर्माण व्यवसायीहरुले सम्पादित कार्यको नियमानुसार पाउने भुक्तानी तत्काल गर्ने व्यवस्था लुम्बिनी विकास कोषले मिलाउने निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

निर्माण व्यवसायीहरुले आगामी दिनमा घेराउ, धर्नालगायतका कृयाकलापहरु नगर्ने/नगराउने सहमति समेत भएको कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए। गत असोज ८ गते कोषका उपाध्यक्षसहितका पदाधिकारीलाई गालीगलौज गर्दै निर्माण व्यवसायी सम्बद्ध व्यक्तिहरूले कोषाध्यक्ष र सदस्य सचिवमाथि हातपात र दुर्व्यवहार गरेका थिए ।

कोषले ४ वटा निर्माण कम्पनीलाई काम गरेवापत दिनुपर्ने करिब ५० करोड रुपैयाँ भुक्तानी दिन आलटाल गरेको भन्दै निर्माण व्यवसायी आन्दोलित भएका थिए । सम्बन्धित संघीय मन्त्रालयबाट विकास कोषका खातामा रकम आएको २५ दिनसम्म पनि कोषले व्यवसायीलाई भुक्तानी नदिएको भन्दै व्यवसायीले दोस्रो चरणको आन्दोलन घोषणा गरेका थिए।

जसमध्ये लुम्बिनी-अनक-खड्का जेभीले १४ करोड ५० लाख ३४ हजार ७७१ रुपैयाँ, लामा-अपेक्स-कमल जित जेभीले १५ करोड ३६ लाख २४ हजार ३५५ रुपैयाँ, रमन-गजुरमुखी-राम जानकी जेभीले ७ करोड ३० लाख ७९ हजार ९५८ रुपैयाँ र खानी-अर्घाखाँची-बाबुल जेभीले १२ करोड ४३ लाख ४० हजार २२१ रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देहीकी अध्यक्ष मञ्जु भुसालले बताइन् ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

### जनजीवनलाई सामान्य बनाउन पहलकदमी आवश्यक

नेपालीको ठूलो चाड दसैं नजिकिंदैछ । रोजगारी, व्यापार व्यवसाय र अध्ययनका लागि शहर र विदेशिएकाहरु गाउँघर फर्कने दिन गन्दैछन् । देशमा अकल्पनीय विपद् आएको छ । चाडपर्वको उल्लासमा रम्ने नेपालीको घरदैलोमा विपद् आइपुगेको छ । आइतबार साँझसम्म १ सय ४८ जनाको ज्यान गएको छ भने ५५ जना बेपत्ता छन् । अरु क्षतीबारे यकिन हुन सकिरहेको छैन । काठमाडौं जोड्ने नाकाहरु सबै अवरुद्ध छन् । यो विपद्को कहालीलाग्दो अवस्थामा सबै मिलेर सामना गर्नुको विकल्प छैन ।

अहिले सरकारको पहिलो काम उद्धार र राहतको हो । घाइतेको उपचार, अलपत्र यात्रुलाई गन्तव्यसम्म पुऱ्याउनु प्राथमिकता हो । बाटोमै अलपत्रलाई नेपाली सेनाको हेलिकप्टरमार्फत् गन्तव्यमा पुऱ्याइएको छ । घाइतेको निःशुल्क उपचारको व्यवस्था भएको छ । बेपत्ताको खोजी र मृतकको पोष्टमार्टम गरी आफन्तलाई शव बुझाउने काम पनि प्राथमिकतामा हुनुपर्छ । यी काम हुँदै गर्दा अवरुद्ध सडकलाई नियमित गर्न ढिलाइ गर्न हुन्न । अवरुद्ध सडक नखुल्दा त्यसले जनजीवन सामान्य बन्न ढिलाइ हुन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका कार्यालयहरु छन्, ती कार्यालयले अवरुद्ध सडक खुलाउन सक्छन् । अवरुद्ध सडक नखुल्दा कालोबजारी मौलाउन सक्छ । यसले बजारलाई झनै अराजक बनाउन सक्छ । विपद्का बेला कालोबजारी र नाफाखोरी मौलाउने भएकाले निगरानीमा कडाइ गर्ने काम सरकारको हो ।

सबै सडकहरु अवरुद्ध भएको बेला हवाई यातायातलाई सरल र पहुँचयोग्य बनाउने काम सरकारको हो । हवाई कम्पनीले यही बेला भाडा महँगो बनाइरहेका छन् । काठमाडौं भैरहवाको भाडा ८ हजार रुपैयाँसम्म पुऱ्याइएको छ । जबकि सामान्य अवस्थामा ५ हजार रुपैयाँ हाराहारी थियो । आपतविपतका बेला हो साथ चाहिने, तर विमान कम्पनीको अहिलेको रवैया पटक्कै राम्रो भएन । प्रधानमन्त्रीले हवाइ कम्पनीलाई सामान्य अवस्थामा झँ भाडा तय गर्न आग्रह गरिसकेका छन् । सरकारको सम्पूर्ण ध्यान विपद् व्यवस्थापनमा लागिरहेको बेला बजारमा मनपरी गर्ने प्रवृत्तिलाई रोक्न सरोकारवाला निकायले चुस्त ढंगले निगरानी गर्नुपर्छ ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले उद्धारमा गरेको पहलकदमी प्रशंसनीय छ । यद्यपी कतिपय कमजोरी छन् । नख्खु खोला उर्लिदा टिनको टहराको छानोमा बसिरहेकालाई बेलैमा उद्दार गर्न टोली चुकेकै हो । अब दसैं पर्वलाई लक्षित गरी विपद् व्यवस्थापनको कार्य छिटो छरितो हुनुपर्छ । सरोकारवाला सरकारी निकायको परिचालन र नागरिकको साथबाट विपद् व्यवस्थापन गरी जनजीवनलाई सामान्य अवस्थामा फर्काउन सकिन्छ ।

# रूस–युक्रेन युद्ध र नेपाल



झपेन्द्र जिसी

*शान्ति उद्धारवाद, प्रजातन्त्रको नामबाट सर्वसाधारण जनतालाई कतै महिला सशक्तीकरण, कतै दलित उत्थान, कतै आदिवासी उत्थान र सवलीकरण कतै नागरिक अधिकार यस्तै यस्तै नाना थरीका नामले पुगेका छन् । गोष्ठी, सेमिनार हुन्छन्, तर विकासका लागि उनीहरुले भन्छन्– माछा दिने होइन, माछा मार्ने तरिका र सीप दिने हो भन्छन् ।*



१. अहिले रुस र युक्रेनको बिचमा महामारी युद्ध भइरहेको छ । यो युद्ध सुरु भएको अढाइ सय वर्ष बित्दै छ ।

२.सामान्यतया सर्वसाधारण मानिसहरुले रुसले युक्रेनमा आक्रमण गरेको हो भन्ने पनि बुझाइ बनेको देखिन्छ । तर देखिए जस्तो र सर्वसाधारणले भने जस्तो रुसले आक्रमण गरेको होइन । यसभित्र लामो इतिहास छ र युद्धको कारणभित्रको कारण छन् । इतिहासको गतेमा वा अतीतभित्रको अतीतमा पुगे छोंटो लेख टुक्र्याउन सम्भव छ । त्यसैले इसाको १२औं शताब्दीदेखि लेखलाई अगाडि बढायौं होला । १२औं शताब्दीको मङ्गोल शासक एक जना खाँ नामकको नेतृत्वमा रुसमाथि आक्रमण गरे । रुस तहसनहस भयो । शासकहरु निरुत्साहित भई युद्ध लड्न रुसी सार्वभौम सत्ता सम्पन्न एवम् प्रकृति, संस्कृति, साधन स्रोतले भरिपूर्ण तथा सुन्दर अलास्का प्रान्त अमेरिकालाई बेच्यो । अलास्का अहिले पनि अमेरिकी तेरिजभित्र पर्दछ र सम्पन्न राज्यको रुपमा छ ।

३. राष्ट्रिय स्वाधीनताको रक्षा, आफ्नो भू-भागको संरक्षण गर्न पूर्णातय असफल र असक्षम जार शासक वर्गलाई बोलसेविक पार्टीका नेता भ्लादामिर इलिचको नेतृत्वमा अन्त्य गर्ने काम भयो । जसलाई फरबरी क्रान्ति भनिन्छ । जार शासनको अन्त्यपछि अप्रिल क्रान्तिले सन् १९१७ मा रुसमा बोलसेविक क्रान्ति भयो । जसलाई अप्रिल क्रान्तिको नामले चिनिन्छ । बोलसेविक क्रान्तिपश्चात् पूँजीवादी साम्राज्यवादीहरु एकदमै सतर्क र सशंकित हुन थाले । रुसी कम्युनिष्ट क्रान्तिबाट आतंकित भएका साम्राज्यवादी पूँजीवादीहरुले आफ्नो पूँजीवादी साम्राज्यवादी स्वार्थ र आफ्नो अस्तित्व बचाउका लागि उत्तर एटलाटिक सैन्य संगठन बनाएका थिए । जसलाई नाटो सैन्य संगठनका रुपमा चनिन्छ ।

रुसले पनि आफू सम्बद्ध मित्रराष्ट्रहरुको सुरक्षार्थ वार्सा प्याक्ट बनायो । तर त्यो चाँडै नै विटघन भयो ।

४. सन् १९४९ मा माओको नेतृत्वमा चीनमा जनवादी क्रान्ति सम्पन्न भयो । यस्तै हिन्दचीन (लाओस, कम्बोडिया, भियतनाममा) पनि क्रान्ति भए । यसरी नै विभिन्न देशहरुमा राष्ट्रिय मुक्ति र जनवादी क्रान्तिहरु सम्पन्न हुँदै जान थाले । द्वन्द्वको प्रमुख कारण सैद्धान्तिक (आइडोलोजिकल) नै हो ।

५.सन् १९४५ द्वितीय विश्व युद्धको अन्त्यपछि नाटो सैन्य संगठन अमेरिकी, बेलायती, फ्रेन्च आदिले विश्वभरिका विकासोन्मुख, विकासशील, राष्ट्रियमुक्ति र जनमुक्तिका दिशामा उठिरहेको जनउभारलाई दमन गर्न मानवअधिकार, लोकतन्त्र विकास, जातीय समावेशिता, लैङ्गिक समावेशिताजस्ता नारा उरालेर आन्तरिक द्वन्द्व सिर्जना गराउन सुरु गऱ्यो । यस क्रममा विभिन्न रुप रंगका एनजीओ, आइएनजीओहरुलाई प्रयोग गरिरहेका छन् । जातीय पहिचानको नाराले हरेक देशहरुमा विभिन्न एजेन्टहरुलाई पृष्ठपोषण गरिरहेका छन् । त्यही अनुसारको पार्टी पनि खडा गरेका छन् । स्थानीय समुदायमा जातीय साम्प्रदायिक भावना जागृत गर्दै नेपालमा पनि नेपालीलाई २०५२ सालदेखि काट्ने कटाउने काम समेत गराए । त्यस द्वन्द्व कालमा १७ हजार मानिसको हत्या यसैको पेटारो भित्र छ । तर बाहिर आवरणमा मार्क्सवाद, लेनिनवाद र माओवाद रहेको छ । स्वयं माओत्सेतुङ्ले माओवाद भन्नु भएको छैन । उहाँले त माओत्सेतुङ् विचारधारा मान्नु भएको छ ।

६.युएसएआइडी र एमसीसी जस्ता अनुदान सहयोगको नाममा आएको रकमभित्र हलाहला वीष छ । यो वर्तमानमा नदेखिन सक्छ तर भविष्यमा प्रमाणित हुनेछ ।

७. स्मरण रहोस् सन् १९९१ मा सोभियत संघ विघटन भयो । सोभियत संघ विघटनपछि १९४५ देखि सुरु भएको शीतयुद्ध पनि सकियो । यसपछि त नाटोको खाँडो जागेको हो । खाँडो जागेको छ भन्नुको अर्थ अमेरिकी नाटोले युक्रेनलाई मिसाइल तोप पैसा सम्पर्ण साधन स्रोत दिएर रुसमाथि आक्रमण गर्ने रणनीतिभित्र पऱ्यो । अमेरिकी नाटोको रणनीतिलाई तहसनहस पार्नका लागि रुसले युक्रेनमा आक्रमण गरेको देखिन्छ । यो साँचो पनि हो ।

८. त्यसैले रुस युक्रेन युद्ध भनिए पनि यो युद्ध अमेरिकी नाटो र रुसको युद्ध हो । यो युद्ध रुस र युक्रेनबिचको होइन । युक्रेन त आफ्नो मालिक अमेरिकी नाटोको निर्देशनमा युद्ध गरिरहेको छ । अमेरिकी नाटोले हातहतियार र आर्थिक स्रोत रोक्ने हो भने युक्रेनी राष्ट्रपतिले क्षणभरमै युद्ध रोक्ने छन् । किनकि युक्रेन हारिसकेको देखिन्छ ।

तर अब हारियो अब युद्ध रोकियो भनेमा भ्लाद्जेलेन्सिकी भागेर आत्मसमर्पण गर्न पुग्नेछन् वा आत्महत्या गर्ने छन् ।

९. रुस-युक्रेनबिचको लामो समयको युद्धमा अमेरिकी नाटो शर्मनाक पराजित भइसकेको छ । रुसले विजय हासिल गरिसकेको छ ।

१०. तर पनि नाटो साम्राज्यवादीहरु संसारका हरेक देशमा जुम्रो, उपिया र उडुस घुसे झैं घुसिसकेका छन् । सिरकभित्र पसेको यी कीरा निकाल्न वा यी सखाप पार्न कठिन छ । तर असम्भव छैन । विश्वका शान्तिका पक्षधर देश र मानिसहरु प्रयत्नशील रहिरहन जरुरी छ ।

११. स्मरण रहोस् २०३२ सालतिर हुनुपर्छ अमेरिकी नाटोले खम्पाहरुलाई हाम्रो नेपालको मुस्ताङ क्षेत्रमा हेलिप्कटरबाट उतारेर अमेरिकी नाटोले नेपाललाई विभाजन गर्ने र तिब्बतलाई विघटन गर्ने रणनीतिअन्तर्गत थियो । बाहिर देखिदा खम्पा देखिए पनि ती खम्पाले अमेरिकी नाटो सैन्य संगठनबाट सैन्य तालिम पाएका थिए, ती खम्पाहरु तिब्बती थिए । हातहतियार सबै नाटोले उपलब्ध गराएका थिए ।

१२. रुसले त पक्कापक्की अमेरिकी नाटोलाई यस पटक जित्ने संघारमा पुगेको छ । एशियाको उत्तरी भागमा चीन फेरि महासिंह झैं आर्थिक, सैन्यशक्ति र हात हतियारमा शक्तिशाली बनेर बसेको छ । महा शक्ति रुस र चीनका बिचमा निकटता पनि बढ्दै गएको छ । उसलाई विश्वको कुनै शक्तिले छुन सक्ने देखिदैन । तर ताइवान, मकाओ, हङकङ, तिब्बत जस्ता चीनका अभिन्न भू-भागका जनतालाई उचालेर चीनका विरुद्ध लडाउन कुत्सित प्रयास गर्दै पनि छ ।

फेरि राष्ट्रपति पुटिन र राष्ट्रपति सी जिङपिङका बिचमा सुमधुर सम्बन्ध बनेको देखिन्छ । यदि सुसम्बन्धको गाँठो राम्ररी कसियो भने अमेरिकी नाटो ओरालो लाग्ने नै छ ।

रुस-चीन जस्ता महाशक्ति राष्ट्रहरु आपसमा मिलेर जान र समृद्धि विश्वशान्तिको यात्रालाई निरन्तरता दिनु वान्छनीय नै छ ।

१३. रुस-युक्रेन युद्ध रुस र युक्रेन बिचको युद्ध होइन । यो युद्ध युक्रेन र अमेरिकी नाटो बिचको युद्ध हो भने सर्वसाधारण समेतले अब बुझ्ने छन् ।

स्मरण रहोस् भियतनामलाई विखण्डित गरेको कसले हो ? उही अमेरिकी नाटोले । कोरियालाई विखण्डित गरेको कसले ? उही अमेरिकी नाटोले । धन्न हुँ काका भियतनामलाई त एकीकरण गरे ।

१४. धार्मिक रुपमा इस्लाम, इसाइ, यहुदीको पवित्र धर्म स्थल भए पनि जेरुसेलम त प्यालेस्टाइनी जनताको हो । तर प्यालेस्टाइनमा दोस्रो विश्वयुद्ध सन् १९४५ पछि सर्वेसर्वा भएको अमेरिकी नाटोले विश्वभर छरिएर रहेका यहुदी जातिलाई प्यालेस्टाइनीको भू-भागमा लगेर बसोबास गराए । यहुदीहरुले आदिवासी मुस्लिम प्यालेस्टाइनको सार्वभौम प्यालेस्टाइनमा यहुदी राज्यको घोषणा गरे । त्यो राज्यको नाम इजरायल हो । सन् १९४५ भन्दा पूर्व इजरायल भन्ने राज्य नै थिएन ।

आदिवासी प्यालेस्टाइनीहरु तदुपरान्त गाजापट्टी र जोर्डन नदीको पश्चिम किनारमा बस्न बाध्य छन् । मनपरी छ वा ! मनपरी छ ! तदुपरान्त अमेरिकी नाटोले जोर्डन नदीको पश्चिम किनारा र गाजापट्टीमा नाङ्गो आक्रमण गरेर लाखौं प्यालेस्टाइनीको हत्या गरिसकेका छ र गरी नै रहेको छ । केही दिन पहिले पनि इजरायलमार्फत् नाटोले प्यालेस्टाइन र एल साल्भाडोरमा आक्रमण गरेर नरसंहार गरेको छ । संसारमा अमेरिकी नाटोले विकास, सहयोग र शान्तिको नारा फलाकेर कहाँ पो नरसंहार र दमन गर्न छोडेको छ र । तर ती देशहरुमा पनि पूँजीवादी सुधारवादी पार्टीहरुले अमेरिका र नाटोलाई शान्तिवादी र विज्ञानवादी देख्छन् र उसकै बहस पैरवी गर्दछन् तर खासमा ती चिहानवादी छन् ।

अमेरिकी नाटो अपराधिक नरसंहारवादी सैन्य गुटको इतिवृतान्त लेख्दै गए भानुभक्तीय रामायण जत्रा हजारौं ठूलो ठेली बन्ने छन् । तर, उनीहरु विश्वका कुना कुनामा एनजीओको नामबाट मानवाधिकार, शान्ति उद्धारवाद, प्रजातन्त्रको नामबाट सर्वसाधारण जनतालाई कतै महिला सशक्तीकरण, कतै दलित उत्थान, कतै आदिवासी उत्थान र सवलीकरण कतै नागरिक अधिकार यस्तै यस्तै नाना थरीका नामले पुगेका छन् । गोष्ठी, सेमिनार हुन्छन् तर विकासका लागि उनीहरुले भन्छन्- माछा दिने होइन, माछा मार्ने तरिका र सीप दिने हो भन्छन् । गोष्ठी सकिन्छ । त्यो प्रोजेक्ट पनि सकिन्छ । बस् ! अमेरिकी नाटो सहयोगकमो परिणाम यस्तै हुन सक्छन्, अराजकता र अनुशासनहीनता !

## नेप्से परिसूचक २२ अङ्कले घट्यो



काठमाडौं । यो साताामा कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ भने कारोबार रकम पनि घटेको छ ।

परिसूचक २२ दशमलव ३६ अङ्कले घटेर दुई हजार चार सय ६४ दशमलव ४० को विन्दुमा कायम भएको छ । तीन सय २७ कम्पनीको एक करोड तीन लाख ११ हजार आठ सय ८५ कित्ता शेयर ५८ हजार चार सय एक पटक खरिदबिक्री हुँदा कारोबार रकम रु चार अर्ब पाँच करोड छ लाख ५८ हजारमा खुम्चिएको छ । नेप्सेमा भएको कारोबार रकम पछिल्लो तीन महिनायताकै न्यून हो ।

उत्पादन तथा प्रशोधन समूहको उपसूचक एक दशमलव ०३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी व्यापार समूह दुई दशमलव ९७ र जलविद्युत् समूह दुई दशमलव ३६ प्रतिशले घटेको छ । बैंकिङ शून्य दशमलव ७४, विकास बैंक शून्य दशमलव ८९, वित्त एक दशमलव ९१, होटल तथा पर्यटन एक दशमलव ४७ र लगानी समूह एक दशमलव ४० प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा समूह शून्य दशमलव ३१, म्युचुअल फण्ड एक दशमलव २१, निर्जीवन बिमा शून्य दशमलव १५ र अन्य समूह एक दशमलव ०२ प्रतिशतले घटेको छ । कारोबारमा ४६ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ९३ कम्पनीको शेयर मूल्य घटेको नेप्सेले जनाएको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी ६ दशमलव ६६ प्रतिशतले बढेको छ । सबैभन्दा बढी घट्नेमा अपर साङ्गी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत रहेको छ ।

सबैभन्दा बढी एनएलजी इन्स्योरेन्स कम्पनीको रु १५ करोड ९२ लाख ३० हजार आठ सय २० बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको चार लाख ८७ हजार चार सय ४१ कित्ता शेयर किनबेच भएको छ ।

## फोहरलाई घरबाट वर्गीकरण गर्न ‘क्लिन बागलुङ’ अभियान

गलकोट (बागलुङ) । जिल्लाको बागलुङ नगरपालिकाले फोहरलाई घरबाट वर्गीकरण गरेर सङ्कलन गर्ने उद्देश्यले ‘क्लिन बागलुङ’ अभियान सञ्चालन गरेको छ । बागलुङ बजारमा उत्पादन भएको फोहरलाई डेढ दशकपछि नगरपालिकाले प्रशोधन र पुनःप्रयोग गर्न मिल्नेगरी व्यवस्थापन गर्न थालेको हो ।

बजार क्षेत्रको फोहर यसअघि सङ्कलन गरेर थुपार्ने काममात्रै भएकामा आइतबारदेखि घरबाट वर्गीकरणगरी सङ्कलन गरिने भएको हो । बजार क्षेत्रको प्रमुख समस्याका रुपमा रहेको फोहर व्यवस्थापनलाई घरबाट वर्गीकरण गर्ने, प्रशोधन गर्ने र ‘जिरो वेस्ट’ प्रविधिबाट उचित व्यवस्थापन गर्न नगरपालिकाले आजदेखि ‘क्लिन बागलुङ’ अभियान शुभारम्भ गरेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए ।

बागलुङ बजारको ऐश्वर्य पार्कमा एभरेष्ट बैंकको सहकार्यमा निर्माण गरिएको सार्वजनिक शौचालयबाट फोहर सङ्कलन गर्ने बाल्टी वितरणगरी अभियानको शुभारम्भ गरिएको हो । नगरपालिकाले रु एक करोड लागतको योजनामा ‘क्लिन बागलुङ’ अभियान थालेको भन्दै नगरप्रमुख श्रेष्ठले बागलुङ-१ मालढुङ्गामा फोहर सङ्कलन गर्ने र प्रशोधन गर्ने तीनवटा छुट्टाछुट्टै घर निर्माण गरिएको जानकारी दिए ।

डेढ दशकदेखि मालढुङ्गामा थुप्रिएको फोहरलाई स्थानान्तरण गरेर वर्गीकरण र प्रशोधनका लागि ल्याण्डफिल्ड साइड खाली गरी पूर्वाधार बनाइएको भन्दै घरबाटै वर्गीकरण गरेर आएको फोहरलाई उक्त स्थानमा प्रशोधन तथा व्यवस्थापन गरिने नगरप्रमुख श्रेष्ठले उल्लेख गरे । नगरपालिकाले दैनिक फोहर सङ्कलन गर्न घरघरमा सवारीसाधनको व्यवस्था गरेको छ ।

“नगरपालिकाले रु एक करोड खर्च गरेर फोहरलाई दीर्घकालीन समाधान गर्न थालेको छ । ‘क्लिन बागलुङ’ अभियानअन्तर्गत १० दिनसम्म बजार क्षेत्रमा १५ हजार फोहर सङ्कलन गर्ने बाल्टी वितरण गर्नेछौं”, नगरप्रमुख श्रेष्ठले भने-“कुहिने, नकुहिने र पुन प्रयोग गर्न मिल्ने फोहरलाई छुट्टाछुट्टै सवारीसाधनको व्यवस्था गर्नेछौं ।” नगरपालिकाले तीन थरी रङ्गका बाल्टी वितरण गर्ने भन्दै सोही रङ्गका सवारीसाधन तयारी अवस्थामा राखिएको उनले जानकारी दिए ।

नगरपालिकाले तीन किसिमका फोहर सङ्कलन गरेर ‘जिरो वेस्ट’ अर्थात् सबै फोहरको उचित सदुपयोग गर्ने अभियान थालेको छ । यसअघि नगरपालिकाले कालीगण्डकी र काठेखोला छेउको खुर्तुकेमा सङ्कलित फोहर व्यवस्थापन गर्दै आएको थियो ।

कुहिने, नकुहिने र पुनःप्रयोग गर्न मिल्ने फोहरको उचित व्यवस्थापन पहिलो पटक गर्न लागिएको नगरप्रमुख श्रेष्ठले बताए । उनका अनुसार रातो बाल्टीमा नकुहिने, निलो बाल्टीमा पुनःप्रयोग गर्न मिल्ने र हरियोमा कुहिने फोहर सङ्कलन गर्न नगरवासीलाई सोहीअनुसार बाल्टी वितरण गर्न थालिएको हो ।

चालु आर्थिक वर्षमा फोहर व्यवस्थापनमा नमूना पालिका बनाउने योजनाअन्तर्गत डम्पिङ साइट (फोहर फाल्न बनाइएको निश्चित स्थान) मा फोहर थुपार्ने तथा यससम्बन्धी अध्ययन अवलोकन केन्द्र बनाउने योजना रहेको नगरप्रमुख श्रेष्ठले जानकारी दिए । अहिले व्यवस्थापन गरिएको स्थानमा वर्गीकरण गरेको फोहरले थोरै क्षेत्र ओगट्ने भएकाले बाँकी क्षेत्रलाई वनभोज स्थलका रुपमा प्रयोग गर्न सकिने उनले बताए ।

अभियानको शुभारम्भ कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापा, नगरप्रमुख श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीलगायत व्यक्तिको उपस्थिति थियो ।

**कुहिने फोहरबाट प्रांगारिक मल**

नगरपालिकामा सबैभन्दा बढी उत्पादन हुने कुहिने फोहर भएकाले यसलाई डम्पिङसाइडमा नलगी कम्पोष्ट मल बनाउन अन्यत्र व्यवस्थापन गर्ने तयारी भइरहेको नगरप्रमुख श्रेष्ठले उल्लेख गरे । प्राङ्गारिक मल मनाउन बागलुङ-४ कुँडुलेमा जग्गा व्यवस्थापन गर्ने काम भइरहेको उनले जानकारी दिए ।

“बजार क्षेत्रमा बढी कुहिने फोहर उत्पादन हुन्छ, यसको उचित व्यवस्थापन गर्न सके आधा काम सकिन्छ, कुहिने फोहरलाई सङ्कलन गरेर कम्पोष्ट मल बनाउन आवश्यक छ । उत्पादित कम्पोष्ट मल बिक्री गरिनेछ”, श्रेष्ठले भने-“नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहर मात्रै डम्पिङ साइटमा जान्छ ।”

**सार्वजनिक शौचालय निर्माण**

बागलुङ नगरपालिका र एभरेष्ट बैंकको साझेदारीमा बागलुङ बजारको मुख्य चोकस्थित ऐश्वर्य पार्कमा सार्वजनिक शौचालय निर्माण गरिएको छ ।

उक्त शौचालयालाई ‘क्लिन बागलुङ’ अभियानसँगै जोडेर आइतबार शुभारम्भ गरिएको छ । नगरपालिकाका उपप्रमुख राजु खड्काले रु आठ लाख लागतमा सार्वजनिक शौचालय निर्माण गरिएको बताउँदै शौचालयसँगै कफी पसल र ‘एटिएम बुथ’ पनि राखिएको जानकारी दिए । “पार्कमा घुम्न आउने आगन्तुकको सहजताका लागि शौचालय निर्माण, कफी पसल र ‘एटिएम बुथ’ राखेका छौं । विस्तारै अन्य पूर्वाधार निर्माण गर्दै जानेछौं ।”-उनले भने ।

# अमितको स्मिता पारस खड्का विमोचित



बुटवल । अमित विद्यार्थीद्वारा लिखित किशोर उपन्यास स्मिता पारस खड्काको बुटवलमा विमोचन भएको छ।

प्राज्ञ बुँद राना र त्रिकेटर शक्ति गौचनले एक समारोहबिच उपन्यासको विमोचन गरेका हुन् ।

किताबबारे कवि गिरि श्रीस मगर र कविता पन्थीले समीक्षा गरेका थिए । प्राध्यापक तथा लेखक माधव पौडेलले विषय प्रवेश गराएका थिए भने पुस्तक व्यवसायी हरि अर्याल र दिवाकर घिमिरे तथा शैक्षिक व्यक्तित्व राजीव श्रेष्ठ, टोपबहादुर केसी, सरिता श्रीस, डा. मनोज ढुङ्गनालगायतले पुस्तकको महत्व र गरिमाबारे चर्चा गरे । कार्यक्रम रमेश पाण्डेले सञ्चालन गरेका थिए। किशोर अवस्थाबारे लेखिएको उक्त किताब हिमालय बुक हाउस बुटवलले प्रकाशन गरेको हो ।

# घरबास गुमाएकालाई पुनः स्थापित गर्ने निर्णय

काठमाडौं । सर्वदलीय बैठकले बाढीपहिरोबाट घरबास गुमाएकाहरुको पुनर्स्थापना प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

शहरी विकास मन्त्रालयले राष्ट्रिय जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन प्राधिकरणसँग समन्वय गरेर उचित आवासको प्रबन्ध गर्न आवश्यक प्रकृया अगाडि बढाउने छ ।

अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण १५१ जनाको मृत्यु भएको छ भने ५६ जना हराइरहेका छन् । बाढीका कारण भएको क्षतिको विवरण संकलन भइरहेको छ ।

कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहको आह्वानमा बसेको सर्वदलीय बैठकले बाढी पहिरोबाट परी प्रभावित भएकाहरुको तत्काल उद्धार गरी उचित वासस्थान, खाना, पानी र अन्य राहत सामाग्री उपलब्ध गराउने निर्णय गरेको छ ।

राजमार्गहरुमा अलपत्र यात्रुहरुलाई जिल्ला विपद व्यवस्थापन समिति, यातायात व्यवसायी संघ र सुरक्षाकर्मीको संयुक्त प्रयासमा गन्तव्यमा पुऱ्याउने पनि निर्णय भएको छ ।

राजधानीलाई बाँकी भूभागसँग जोड्ने सबैजसो राजमार्गको अवरोध हटाई आवागमन सुचारु गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पहल गर्ने पनि निर्णय छ ।

ऊर्जा मन्त्रालयले क्षति ग्रस्त प्रसारण लाइन र विद्युत् गृहहरुको मर्मत संभार गरी विद्युत् आपूर्ति, संचार मन्त्रालयले अवरुद्ध इन्टरनेट र टेलिफोन तथा खानेपानी मन्त्रालयले खानेपानी प्रणालीको मर्मत सम्भार गर्ने पनि बैठकको निर्णय छ ।

साथै खाद्यान्न, तरकारी, फलफूल, ग्यास लगायत अत्यावश्यक दैनिक उपभोग्यका सामानहरु सूपथ मूल्यमा सजिलैसँग प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने पनि बैठकको निर्णय छ । बाढीका कारण क्षतिग्रस्त पूल, सडक, विद्यालय, स्वास्थ्य चौकी, सुरक्षा निकायको भवन, विद्युत् संरचनालगायतको विवरण संकलन गरि पुनर्निर्माणका लागि आवश्यक प्रकृया अघि बढाउने पनि सर्वदलीय बैठकले निर्णय गरेको छ ।

बैठकले विपतको मसयमा सबै दल, तीनै तहको सरकार र निजी क्षेत्रको समन्वयात्मक एवं एकीकृत प्रयासमा उद्धार,राहत र पुनर्स्थापना गर्नुपर्नेमा जोड दिएको छ ।

साथै प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग गर्न निजी क्षेत्र, संघसंस्था र आम नागरिकलाई अपिल गर्ने निर्णय पनि सर्वदलीय बैठकले गरेको छ ।

**देशले...**

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले पहिरो उत्खनन् गर्दा आइतबार बिहान बस र माइक्रो बस भेटिएको हो ।

बुटवलबाटगएकोविंगरमाबुटवलउप-महानगरपालिका-१६ सेमलारका ३७ वर्षीय प्रकाश कुँवर, उनकी श्रीमती ३४ वर्षीया अनु मल्ल र बहिनी २८ वर्षीया सिर्जना कुँवरले पनि पहिरोमा पुरिएर ज्यान गुमाएका छन् । प्रकाश २ महिनाअघि कोरियाबाट नेपाल फर्केका थिए । काठमाडौंकी अनुसँग साउन २७ गते विवाह भयो । गुल्मीको मदाने गाउँपालिका पुर्कोटदह पहाड घर भएका उनीहरू विवाहपछि घुम्न गुल्मी पुगे । गुल्मीबाट फर्किएर प्रकाश र अनुले विवाह दर्ता गराए ।

प्रकाशको २० दिनपछि अर्थात् अक्टोबर १८ गते कोरिया फर्किने टिकट थियो । अन्य परिवार काठमाडौंमै रहेकाले भेटघाट गर्ने र उतैबाट कोरिया फर्किने उद्देश्यले उनीहरुले शुक्रबार बिहान टिकट काटेर हिंडेका थिए । झ्याप्लेखोला पहिरोमा पुरिएको लु १ ज ४५७८ नम्बरको माइक्रोमा सवार गुल्मी दरबार गाउँपालिका चारपालाका ६३ वर्षीय जुद्धबादुर रायमाझी, उनकी बुहारी २८ वर्षीया प्रमिता रायमाझी र २ वर्षका नाती क्रिस रायमाझीको पनि मृत्यु भएको छ । उनीहरू तीनै जना काठमाडौंमा प्रमिताका श्रीमान् विवेकले मोटरसाइकलको व्यवसाय गर्ने भएकाले उतै बस्ने गरी हिँडेका थिए ।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका टिकट काउन्टरका कर्मचारी लक्ष्मण कार्कीका अनुसार गाडीमा चढेका कपिलवस्तुको ४ नं. जितपुर घर बताउने बोमबहादुर मगर, भिमाकुमारी र अर्को एक जना सुनवलबाट चढेकाको पहिचान खुलेको छैन । काठमाडौं बस्ने बुटवल रामनगरबाट चढेका २३ वर्षका सामोइल गुरुङको पनि पहिचान खुलेको छ ।

काठमाडौंमा बस्ने गुरुङ बुटवलको रामनगरमा बस्ने आफ्ना हजुरबुबा, हजुरआमा भेट्न आएका थिए । आइतबार स्नातक तहको परीक्षा रहेकाले त्यही परीक्षा भेट्टाउन उनी शुक्रबार बिहान गाडी चढेर काठमाडौं जाने क्रममा दुर्घटनामा परेका हुन् । गाडीमा चालक र २ वर्षका बालकसहित १४ जना चढेको र तीमध्ये बालकसहित ११ जनाको मात्र पहिचान खुलेको कार्कीले बताए ।

**पश्चिम नेपालद्वारा दुःख व्यक्त**

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.द्वारा सञ्चालित विङ्गर बस धादिङ्गको झ्याप्ले खोलामा पहिरोले पुरिदा भएको जनधनको क्षतीप्रति प्रा.लि.ले दुःख व्यक्त गरेको छ । पहिरोले पुरेको उक्त विङ्गर गाडीमा सवार चालकसहित सबै यात्रुहरुको निधन हुँदा दुर्घटनाले मर्माहत र स्तब्ध बनाएको प्रालिले जनाएको छ ।

अध्यक्ष दधिराम खरेलद्वारा आइतबार जारी शोक वक्तव्यमा बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीमा परि निधन भएका सम्पूर्ण चालक र यात्रुहरुमा श्रद्धाञ्जली व्यक्त गर्दै दैवी प्रकोपका घटना नियन्त्रणका लागि पूर्व तयारी, तत्काल उद्धार, र राहत व्यवस्थापनका लागि उचित प्रबन्ध मिलाउन सरकार समक्ष आग्रह गरिएको छ ।

वक्तव्यमा प्राकृतिक प्रकोप पीडितलाई सरकारले तत्काल उचित राहत र क्षतीपूर्ती उपलब्ध गराउन माग गर्दै प्रा.लि.ले प्रदान गर्ने राहत तथा क्षतीपूर्तीका लागि आवश्यक प्रकृया थालेर यथासिघ्र उपलब्ध गराउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

**लुम्बिनी...**

भुक्तानी नपाएपछि व्यवसायीहरु पहिलो चरणको आन्दोलनअन्तर्गत असोज ४ गतेदेखि लुम्बिनी विकास कोष परिसरमा कालो ब्यानरसहित धर्नामा बस्न थालेका थिए ।

धर्नाकै क्रममा विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराई र सदस्य सचिव सानुराजा शाक्यमाथि आन्दोलनरत व्यवसायीबाट हातपात र अभद्र व्यवहार भएको थियो । पदाधिकारीमाथि हातपात भएपछि कोषले व्यवसायीले माफी नमागेसम्म भुक्तानी प्रकृया अघि बढाउन नसकिने बताएको थियो ।

कोष र व्यवसायीबिचको विवाद समाधानका लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा भएको बैठकमा कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा, रूपन्देही क्षेत्र नम्बर ५ का संघीय सांसद बासुदेव घिमिरे, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, पूर्वमन्त्री चन्द्रप्रकाश खनाल बलदेव, पूर्वमन्त्री वकिल मुसलमान, कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई, सदस्य सचिव सानुराजा शाक्य, योजना प्रमुख स्मिता भट्ट, निर्माण व्यवसायीका तर्फबाट बाबुल निर्माण सेवाका तौफिक अहमद खान, लुम्बिनी-अनक खड्का कृष्ण जेभिका देवराज गौतम, खानी-अर्घाखाँची बाबुल निर्माण सेवाका सन्तोष अधिकारी, रमन-गजुरमुखी रामजानकी जेभिका राजीव शाह, लामा एपेक्स कमलजितका प्रभातकुमार झा, सिद्वार्थ उद्योग वाणिज्य संघका उपाध्यक्ष गोविन्द ज्ञवाली, रूपन्देहीका प्रहरी प्रमुख रजितसिह राठौरलगायतले सहमतीपत्रमा हस्ताक्षर गरेका छन् ।

## त्रिभुवन विश्वविद्यालय
## कृषि र पशु विज्ञान अध्ययन संस्थान
## पक्लिहवा क्याम्पस भैरहवा, नेपाल

### विषयः दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१।०६। १४**

यस क्याम्पसको कृषि मिटर जडान गर्न टान्स फर्मर खरिद गर्नको लागि शिलबन्दी दरभाउपत्र सम्बन्ध कार्यको लागि 'दैनिक लुम्बिनी' पत्रिकामा दरभाउपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरे अनुसार तपशिल बमोजिम दरभाउपत्र यस क्याम्पसको दरभाउपत्र मूल्यांकन समितिको मिति २०८१।०६।१३ गतेको निर्णय अनुसार न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा स्वीकृत भई जाने देखिएकोले त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को परिच्छेद १२ बोलपत्र सम्बन्धी व्यवस्थाको नियम ५२'ञ' को नियम १ बमोजिम बोलपत्र स्वीकृतिको लागि सिफारिस भएकोले नियम २ उप नियम (१) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | बोलपत्र नं. | छनौट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | कार्यको विवरण र स्थान | कबोल अंक मु. अ. कर समेत |
|---|---|---|---|---|
| १ | ०१।२८१।०८२ | श्री पब्लिक इन्जिनियरिङ्ग एण्ड कन्ट्रक्सन सर्भिस बगनाशकाली-९, पाल्पा । | टान्स फर्मर तथा कृषि मिटर जडान गर्ने कार्य, पक्लिहवा क्याम्पस | रु १७,६३३४९।८० (अक्षरेपी : सत्र लाख त्रिसठ्ठी हजार तीन सय उन्पचास रुपैयाँ असी पैसा मात्र ) मु.अ.कर समेत |

**बोधार्थ**
**१) श्री जय महालक्ष्मी कन्ट्रक्सन गैडहवा–७, रुपन्देही ।**
**२) श्री सोर्स इलेक्ट्रा भैरहवा रुपन्देही**

**डा. राम भजन मण्डल**
**क्याम्पस प्रमुख**
**कृषि र पशु विकास अध्ययन संस्थान**
**पक्लिहवा क्याम्पस**

## हकदाबी सम्बन्धी सूचना

प्रधान कार्यालय मन कामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमा लेखका बीमितहरुले बीमा लेख हराएको/नासिएको ले प्रतिलिपि बीमा लेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमा लेख उपर कसैको हकदाबी भए यो सूचन प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमा लेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | प्रेम बहादुर थापा | ०७/००/०३३३ | मध्यविन्दु-५ |

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दरवारदेविस्थान गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ६, बस्ने श्री नाम थाहा नभएकोको नाति श्री नर बहादुर शाह भन्ने भक्त बहादुर शाही को छोरा श्रीमति लिला शाह को श्रीमान बर्ष ६७ को श्री पुरन बहादुर शाह (नागरिकता नं. ९७२३ जि.प्र.का गुल्मी मिति २०५६/०७/०९ मा जारी) को मिति २०८१/०५/०६ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४१४०६५२० मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती लिला शाह ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री पुरन बहादुर शाह (नागरिकता नं. ९७२३ जि.प्र.का गुल्मी मिति २०५६/०७/०९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**

## Bardaghat Municipality
## Office of the Municipal Executive
### Bardaghat, Nawalparasi (Ba. Su. West),
### Lumbini Province, Nepal

## Notice for Expression of Interest (EOI)

**Publication Date: 2024/09/29**

Bardaghat Municipality, Office of the Municipal Executive invitesExpression of Interest(EOI) from eligibleConsulting firmsfor the following projects.Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp before the deadline mentioned below. Consulting firms may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp . Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

| S.N. | Contract No. | Description of projects | Deadline for EOI Submission | Deadline for EOI Opening |
|---|---|---|---|---|
| 1. | BAR/01/CS/ QCBS/081/082 | Conducting Training with OJT on Professional Cook(Level II with1696 hrs) | 2024/10/15 at 12:00 Noon | 2024/10/15at 1:00 PM |
| 2. | BAR/02/CS/ QCBS/081/082 | Conducting Training with OJT on Professional Computer Hardware & Network Technician(Level II with 1696 hrs) | 2024/10/15at 12:00 Noon | 2024/10/15at 1:00 PM |

**Chief Administrative Officer**

## कावासोती नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, नेपाल
## २०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८१/०६/१४**

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोलअंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 02/KM/NCB /2081/82 | Ring Road Upgrading work at Kawasoti –1 | पपुलर कन्स्ट्रक्सन सन्धिर्खक न.पा-१ | ३६,८८,२८३।९५ | |

**लिलाराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# ‘स्रोतको कमी र नागरिकको अपेक्षा धेरै छन्’

*नवलपरासी बर्दघाट सुस्ता पश्चिमका ६ पालिकामध्ये एक हो, सरावल गाउँपालिका। अहिले सरावल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत छन्, विशाल मिश्रा। मिश्रासँग लुम्बिनीकर्मी गौरीशंकर जयसवालले गरेको कुराकानी :*



*विशाल मिश्रा प्रमुख प्रशासकीय अधिकृत सरावल गाउँपालिका*

*» चालु आर्थिक वर्षको दुई महिना बितिसकेको छ, बजेट कार्यान्वयन कसरी गर्दै हुनुहुन्छ ?*

दुई महिना चार दिन भएको छ। वर्षभरि योजना कार्यान्वयन कसरी गर्ने र वित्तीय प्रगति पहिलो, दोस्रो, तेस्रो र चौमासिकमा कुन हिसाबले गर्ने भन्ने मुख्य फोकस हुन्छ। खाता सञ्चालन भर्खरै भएको छ। योजना सम्झौता गर्ने चरणमा छौं। भौतिक पूर्वाधारको क्षेत्रमा अनिवार्य र तत्काल गर्नुपर्ने योजनाहरू, जस्तै सडक यातायात सञ्चालनमा समस्या भएका ठाउँहरूमा केही मर्मतका योजनाहरू सम्पन्न भएका छन्। कृषि तथा वनतर्फका तत्काल सञ्चालन गर्नुपर्ने योजना मुख्यतः वृक्षारोपण, पशुतर्फको माछाका भुरा वितरणलगायतका योजनाहरुमा कार्य भइरहेको छ।

*» बजेट कार्यान्वयनका समस्या के-के छन् ?*

लगभग सबै स्थानीय तह, संघ र प्रदेश सरकारमा रहेको साझा समस्या पुँजीगत खर्चमा कमी तथा चालु खर्चको भार बढी हुनु हो। राज्यको राजस्व क्षमता हेर्ने हो भने, राजस्व संकलनभन्दा बढी चालु खर्च रहेको अवस्था छ। पुँजीगत खर्चमा विनियोजन कम हुनु र विनियोजन भएको बजेट पनि खर्च नहुनु समस्याको रुपमा रहेको छ। स्थानीय तहमा टुक्रे योजना अलि बढी हुन्छन्। सिंहदबार गाउँगाउँ आएको जनबुझाइले गर्दा स्थानीय आमनागरिकको इच्छा बढी र स्रोत थोरै भएको अवस्थाले गर्दा टुक्रे योजनाको संख्या धेरै हुँदा कार्यान्वयनमा समस्या आएको छ। साथै स्थानीय तहमा दक्ष जनशक्तिको कमीले पनि बजेट कार्यान्वयनमा समस्या देखिन्छ।

*» तपाईंको अनुभवमा स्थानीय तहमा देखिएका समस्या के के छन् ?*

स्थानीय तहले सबै माग पूरा गर्छ भन्ने आम नागरिकको बुझाइ रहेको छ। हाम्रो क्षमता थोरै र माग धेरै आएको हुन्छ। स्थानीय तहको क्षमता कम भएकाले समस्याहरूको समाधान गर्न गाह्रो भएको छ। स्थानीय निर्वाचित जनप्रतिनिधि र कर्मचारीसँगै बसेर काम गर्नुपर्ने अवस्था छ। यसले प्रक्रिया र कानुनबमोजिम रित पुऱ्याएर काम गर्न खोज्दा समन्वयमा समस्या उतपन्न भएको देखिन्छ। स्थानीय तहका विभिन्न तह तथा पक्षसँग समन्वय गर्न आवश्यक छ। स्थानीय तहलाई प्राप्त सिलिङ्गअनुसारको बजेट आउँछ कि आउँदैन भन्ने चिन्ता लिनुपर्ने अवस्था समेत छ। राजस्व बाँडफाँडको रकम प्रक्षेपणअनुसार प्राप्त नहुने र विगत १,२ वर्षदेखि समानीकरण अनुदान समेत प्रक्षेपणअनुसार प्राप्त नहुँदा बजेट कार्यान्वयनमा समस्या देखिएको छ। स्थानीय तहमा कानुनको अन्यौलताले कर्मचारी व्यवस्थापनमा समेत समस्या रहेको छ। सेवा प्रवाहमैत्री पूर्वाधार र केही हदसम्म दक्ष जनशक्तिको उपलब्धतामा कमी छ।

*» बजेट कार्यान्वयन गर्न पालिकामा कसको के भूमिका हुन्छ ?*

बजेट कार्यान्वयनमा समग्र गाउँपालिकाको भूमिका हुन्छ। प्रत्येक शाखा वा विषयगत क्षेत्रमा बजेट विनियोजित गरिएको हुन्छ, जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकासलगायतको क्षेत्रमा उक्त योजना कार्यान्वयनमा सम्बन्धित विषयगत समिति र त्यसअन्तर्गतका कर्मचारीको मुख्य जिम्मेवारी हुन्छ। कुनै योजना कार्यान्वयन गर्न विषयगत समितिमा छलफल तथा निर्णय भई कर्मचारीमार्फत् योजना कार्यान्वयन भइरहेको छ। योजना कार्यान्वयनको क्रममा उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले अनुगमन गरी र योजनाको गुणस्तरीय कार्यान्वयनमा भूमिका निर्वाह गर्दछ। उद्देश्य अनुरुप योजना सम्पन्न भएको चरणमा सम्बन्धित शाखा, आर्थिक प्रशासन शाखा एवं प्रमुख प्रशासकीय अधिकृतमार्फत् योजना फरफारक तथा भुक्तानी गर्ने गरिन्छ।

*» स्थानीय तहमा सुशासन कमजोर भएको हो, कसरी सुशासन कायम गर्न सकिन्छ ?*

स्थानीय तहमा मात्र सुशासन कमजोर भएको छैन, सबै तहको अवस्था उस्ताउस्तै छ। स्थानीय तहको बढी भएको हुँदा स्थानीय तहबारे कुराकानी बढी हुने गर्छ। सुशासनको बुझाइ नै फरक-फरक छ। सुशासनको चरम बिन्दुमा पुग्न सकेका छैनौं। त्यसको लागि प्रयासरत छौं। सुशासन कायम गर्नको लागि योजना कार्यान्वयन गर्दा व्यवस्थित तरिकाले पारदर्शी र खुला रूपमा कार्यान्वयन गर्नुपर्छ। जुन उद्देश्यमा तर्जुमा गरिएको योजना हो, त्यही उद्देश्यले प्राप्ती गर्नका लागि योजना कार्यान्वयन गर्ने र सम्बन्धित समुदायको उच्चतम सहभागिता गराउँदा सुशासन कायम गर्नतर्फ उन्मुख हुन सकिन्छ।

*» संघीय निजामती ऐन नबन्दा कर्मचारी व्यवस्थापनमा समस्या भएको हो ?*

निकै समस्या भएको छ। निजामाति सेवा ऐन भनेको देशभरका कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय समेटिएको ऐन हो। हामी निजामती ऐन, २०४९ बमोजिम चलिरहेका छौं, जबकी कतिपय कुरा परिवर्तन भइसकेका छन्, राज्य संघीयतामा गएको ९ वर्ष भइसकेको छ, तर कर्मचारी समायोजनबाट उतपन्न भएको समस्यालगायत कर्मचारीबिच समन्वय तथा सेवा सुविधामा भने अन्यौलता रहेको छ, जसले गर्दा कर्मचारीलाई उत्प्रेरित गराउन समस्या भएको छ। कर्मचारीबाट कार्यसम्पादन गराउन तथा सोको अधिकतम प्रतिफल पाउनका लागि कर्मचारीको मनोबल उच्च राख्न जरुरी छ। संघिय निजामती सेवा ऐन नबन्दा स्थानीय तहका कर्मचारीहरू सरुवा, बढुवालगायतका सेवा सुविधाबाट वञ्चित भएका छन्। समग्र कर्मचारीतन्त्रको उपयुक्त व्यवस्थापनका लागि संघीय निजामती ऐन छिट्टै ल्याउन अति आवश्यक छ।

# उद्योग महासंघमा नयाँ नेतृत्व



बुटवल। नेपाल उद्योग तथा व्यवसायी महासंघ लुम्बिनी प्रदेशको प्रथम अधिवेशनले पुनः माधव नेपालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। कार्य समितिको उपाध्यक्षमा दधिराम खरेल र भाष्कर काफ्ले, सचिवमा केशवराज पन्थी, कोषाध्यक्षमा लक्ष्मी क्षेत्री, सह-सचिवमा पुरुषोत्तम अर्याल, सरोज चौधरी, जविन कक्षपति, एकराज खनाल र उषा भण्डारी चयन भएका छन्।

त्यसैगरी सह-कोषाध्यक्षमा जुद्ध केसी सदस्यहरुमा लक्ष्मण पन्थी, चीनबहादुर प्रधान, चुन्नप्रसाद कडेल, सूर्यप्रसाद श्रेष्ठ, रीता पाण्डे, अशोक कुँवर, मिनराज भारद्वार, जीवनकुमार बञ्जाडे, केशवराज पन्थ, चेतनारायण बेल्वासे, लक्ष्मण भट्टराई, लेखनाथ भुसाल, रेखा केसी चुनिएका छन्। त्यस्तै, शिव देवकोटा, रामचन्द्र तिवारी, नारायण दत्त पोखरेल, तारा पौडेल, विशेष थापा, प्रताप गिरि, केशवप्रसाद आचार्य, नरेश सुनार, राजन ज्ञवाली, इश्वरीप्रसाद गौतम, इन्द्रेश गुप्ता र लोकेन्द्र हमाल पनि सदस्यमा चुनिएका छन्।

महासंघका केन्द्रीय संयोजक भगिरथ सापकोटाले अधिवेशनको उद्घाटन गरेका थिए। अधिवेशनमा प्रमुख वक्ता एमाले मोर्चा संगठन संयन्त्र इञ्चार्ज भानुभक्त ढकाल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, एमाले उद्योग व्यवसाय विभाग प्रमुख रचना खड्का, एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कंडेलले मन्तव्य राखेका थिए।

# सञ्जय र शिशिर आठौं जिल्लास्तरीय स्नुकरको फाइनलमा





बुटवल। भैरहवाका शिशिर गुरुङ र बुटवलका सञ्जय कार्की भैरहवामा जारी आठौं रुपन्देही जिल्लास्तरिय मेयरकप स्नुकर प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्। भैरहवास्थित क्रेजी क्यु क्लब हाउसमा जारी प्रतियोगितामा आइतबार सम्पन्न सेमिफाइनलमा कुनाल श्रेष्ठलाई ४-३ ले हराउँदै शिशिर तथा सञ्जयरत्न बज्राचार्यलाई ४-२ ले हराउँदै सञ्जय कार्की फाइनलमा पुगेका हुन्। रुपन्देही पुल तथा स्नुकर संघको आयोजना तथा सिद्धार्थनगर नगरपालिकाको सहयोगमा जारी प्रतियोगिताको फाइनल खेल मंगलबार बिहान ९ बजेदेखि सुरु हुने खेल संयोजक एवं संघका सल्लाहकार विजय थापाले जानकारी दिए।

प्रतियोगिताको उपाधि विजेतालाई नगद ६१ हजार रुपैयाँ, तथा उपविजेताले नगद २५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ।

यसैगरी सर्वाधिक ब्रेकरले नगद १० हजार रुपैयाँ र कपबाट पुरस्कृत गरिने खेल संयोजक थापाले बताए। यसअघि संघको आयोजनामा सात वटा जिल्लास्तरीय प्रतियोगिता बुटवलमा भइसकेकामा यसपटक भैरहवामा आयोजित प्रतियोगिताले भैरहवा क्षेत्रका खेलाडीहरुमा उत्साह बढेको संघका अध्यक्ष सुजन पुनले बताए। फाइनल खेलसँगै प्रतियोगिताको समापन र पुरस्कार वितरण तथा सहयोगी संघसंस्था र व्यक्तिलाई सम्मान गरिने संघका अध्यक्ष पुनले बताए।

## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
### GANDAKI PROVINCE, NEPAL

# Invitation for Bids

**First Date of Publication: 2081/06/14**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Invitation for Bids No | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Sub-mission | Bid Validi-ty with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 08/KM/NCB/2081/82 | Road Upgrading at kawasoti municipality 10 and 15 | 6887795.51 | 2081/07/14, BS) Upto 12Hr | 120 days | 210000 | 3,000.00 |
| 2. | 10/KM/NCB/2081/82 | Road Upgrading at kawasoti municipality 7 and 13 | 6196735.76 | 2081/07/14, BS) Upto 12Hr | 120 days | 190000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawal-parasi (E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

डेंगी नियन्त्रणका उपाय
-लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फूल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडा मा पानी जम्न नदिने।
-लामखुट्टेको टोकाइबाट बच्ने उपायहरु अपनाउने।
-डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने।
नेपाल सरकार
विज्ञापन बोर्ड

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com